


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार


देशको आर्थिक सामाजिक विकासमा ५४ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २७ अंक २ कात्तिक – पुस २०७६ Year 27 Vol 2 Nov. 2019 -Jan. 2020


## राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५५ औं वार्षिकोत्सव मनाईदैं

**काठमाडौं, २९ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५५ औं वार्षिकोत्सव समारोह सफलतापूर्वक मनाउन बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठको संयोजकत्वमा ३४ सदस्यीय मुल समिति गठन गरिएको छ । समितिले वार्षिकोत्सवलाई भव्यताका साथ सम्पन्न गर्नको लागि विभिन्न कार्य सम्पादन उपसमितिहरु समेत गठन गरेको छ । नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारीको संयोजकत्वमा अतिथि सत्कार उपसमिति गठन गरिएको छ भने नायब महाप्रवन्धक केशबप्रसाद लम्सालको संयोजकत्वमा प्रकाशन तथा प्रचार प्रसार उपसमिति गठन गरिएको छ । उपकार्यकारी




अधिकृत टेकराज जोशीको संयोजकत्वमा माघ ४ गते बिहान संचालन गर्ने गरी प्रभातफेरी तथा Clean RBB कार्यक्रम उपसमिति गठन गरिएको छ। उपकार्यकारी अधिकृत महेन्द्रप्रसाद अवस्थीको संयोजकत्वमा मञ्च व्यवस्थापन उपसमिति गठन गरिएको छ । उपकार्यकारी अधिकृत सरस्वती अधिकारीको संयोजकत्वमा माघ ६ गते संचालन हुने गरी रक्तदान उपसमिति गठन गरिएको छ। त्यस्तै उपकार्यकारी अधिकृत देबेन्द्ररमण खनालको संयोजकत्वमा विभिन्न खेलकुद कार्यक्रम आयोजना गरिने भएको छ।

थप समाचार पृष्ठ ३ ▸▸

## राष्ट्रिय वाणिज्य बैंक सबैभन्दा बढी आयकर दाखिला गर्ने बैंक




**काठमाडौं, १ मंसिर**

आन्तरिक राजश्व विभागद्धारा राष्ट्रिय कर दिवसको अवसरमा देशका विभिन्न क्षेत्रमा सबैभन्दा बढी कर दाखिला गर्ने व्यक्ति तथा व्यवसायलाई सम्मान गरेको छ। यसैबिच आ.व. २०७४/०७५ मा राष्ट्रिय वाणिज्य बैंकले बैंक वित्तीय संस्था तथा विप्रेषण कारोबार मध्ये सबैभन्दा बढी आयकर दाखिला गरेको हुंदा आठौ राष्ट्रिय कर दिवस २०७६ को अवसरमा माननीय अर्थमन्त्री डा.युवराज खतिवडाले बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री किरणकुमार श्रेष्ठलाई एक समारोहका बिच सम्मानपत्र प्रदान गर्नु भएको छ ।

## राष्ट्रिय युवा परिषद् र बैंकहरू बिच सम्झौता



**काठमाडौं, ११ मंसिर**

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूको समुपस्थितिमा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्संग राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, नेपाल बैंक लिमिटेड र कृषि विकास बैंक लिमिटेड बिच अर्थ मन्त्रालयद्धारा जारी गरिएको सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदान सम्बन्धि एकिकृत (दोश्रो संशोधन) कार्यविधि, २०७६ को प्रभावकारी कार्यान्वयन गर्दै युवा उद्यमशीलता र स्वरोजगारको प्रवर्द्धन

थप समाचार पृष्ठ ५ ▸▸

# राष्ट्रिय वाणिज्य बैंकको सुदूर पश्चिम प्रादेशिक कार्यालको समुद्घाटन



**काठमाडौं, २५ कातिक**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सुदूर पश्चिम प्रादेशिक कार्यालय, धनगढी, कैलालीको समुद्घाटन सम्पन्न भएको छ । सुदूर पश्चिम प्रदेशका माननीय मुख्यमन्त्री त्रिलोचन भट्टले ताम्रपत्र अनावरण गर्दै एक समारोहका बिच समुदघाट्न गर्नुभएको हो ।

उक्त अवसरमा सुदूर पश्चिम प्रदेशका माननीय मुख्यमन्त्री त्रिलोचन भट्टले सरकारको लगानीमा संचालित संस्थानहरुको कार्यसम्पादन विगतमा सन्तोषजनक नभएपनि हालको समयमा राष्ट्रिय वाणिज्य बैंक उदाहरण बनेको बताउँदै सेवा प्रवाहमा गुणस्तरीयताका लागि सम्पूर्ण ग्राहकहरुलाई समान व्यवहार गर्नुपर्ने तथा सरल र सहज बैंकिङ्ग सेवा प्रवाहका लागि "सेवा सहितको नाफा र नाफा सहितको सेवा" प्रवाहमा ध्यान दिनुपर्ने बताउनुभयो । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंक नपुगेका स्थानीय तहमा बैंकिङ्ग सेवा पुर्‍याउँदै जाने प्रतिबद्धता व्यक्त गर्नुहुंदै **"समृद्ध नेपाल सुखी नेपाली"**को नारा सार्थक पार्न बैंक तथा वित्तीय संस्थाहरुको अहम् भुमिका हुने बताउँदै त्यसमा राष्ट्रिय वाणिज्य बैंकले अग्रणी भुमिका निर्वाह गर्ने बताउनुभयो ।

बैंकको सुदुरु पश्चिम प्रदेश कार्यालयका प्रादेशिक प्रबन्धक रणबहादुर चन्दको अध्यक्षतामा भएको कार्यक्रममा ५ नम्बर प्रदेश कार्यालयका प्रादेशिक प्रबन्धक आनन्द सुवेदीले स्वागत मन्तब्य तथा ब्रान्च अपरेशन विभागका विभागीय प्रमुख सरोज बस्नेतले कार्यक्रम संचालन गर्नुभएको थियो । कार्यक्रममा परशुराम नगरपालिका, डडेलधुराका मेयर भीमबहादुर साउद, कैलालीका प्रमुख जिल्ला अधिकारी यज्ञराज बोहोरा, स्थानीय राजनीतिक दलका प्रतिनीधि, समाजसेवी, प्रहरी, कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# राष्ट्रिय वाणिज्य बैंकको कर्णाली प्रादेशिक कार्यालको समुद्घाटन



**काठमाडौं, १८ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको कर्णाली प्रादेशिक कार्यालय, सुर्खेत, बिरेन्द्रनगरको समुद्घाटन सम्पन्न भएको छ । कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले ताम्रपत्र अनावरण गर्दै एक समारोहका बिच समुदघाट्न गर्नुभएको हो ।

उक्त अवसरमा कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले **"बैंक खाता छोरीको सुरक्षा जीवन भरीको"** प्रदेश सरकारको कार्यक्रम रा.वा.बैंकको शाखा कार्यालय मान्माबाट केही दिन अगाडि शुरु गरिएको र यो कार्यक्रम कर्णाली प्रदेश भरिका बैंकका सबै शाखा बाट सुरु गरिने बताउनुभयो । कार्यक्रममा बैंक संचालक समितिका अध्यक्ष निर्मलहरि अधिकारीले तीनै तहका सरकारलाई बैकले प्राथमिकताका साथ वित्तीय सेवा दिइरहेको बताउनुभयो ।

बैकको कर्णाली प्रदेश कार्यालयका प्रादेशिक प्रबन्धक रामकुमार थापाको अध्यक्षतामा भएको कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारीले स्वागत मन्तब्य तथा ब्रान्च अपरेशन विभागका विभागीय प्रमुख सरोज बस्नेतले कार्यक्रम संचालन गर्नुभएको थियो । कार्यक्रममा कर्णाली प्रदेशका आर्थिक मामिला मन्त्री माननीय प्रकाश ज्वाला, बिरेन्द्रनगर नगरपालिका सुर्खेतका मेयर देबकुमार सुवेदी, कर्णाली प्रदेशका प्रमुख सचिव केवलप्रसाद भण्डारी, नेपाल राष्ट्र बैंकका व्यवस्थापक सालिकराम पोखरेल, सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष धनबहादुर रावत, बैंकका ५ नम्बर प्रादेशिक प्रबन्धक आनन्द सुवेदी, स्थानीय राजनीतिक दलका प्रतिनीधि, समाजसेवी, प्रहरी, कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# राष्ट्रिय वाणिज्य बैंक र सक्षम बिच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता




**काठमाडौं, ८ कातिक**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र यूके एड सक्षम एक्सिस टु फाइनान्स बिच गोरखा र धादिङ्ग जिल्लाका भुकम्प पिडित जनतालाई सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता भएको छ । राष्ट्रिय पुनरनिर्माण प्रधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशिल ज्ञवालीको उपस्थितिमा भएको सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र सक्षम एक्सिस टु फाइनान्सका टीम लिडर निर्मल दाहालले हस्ताक्षर गर्नुभएको छ । सम्झौता पछि २०७२ सालको भुकम्पले क्षति पुर्‍याएका धादिङ्ग जिल्लाका धुनिवेशी, निलकण्ठ नगरपालिका र गोरखा जिल्लाको गोरखा नगरपालिकाका नागरिकहरुलाई बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा अन्तर्गत सहुलियत दरमा भुकम्प पिडित घर कर्जा लगानी गर्ने छ । सम्झौता पछि प्रदेश नम्बर २, ५, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका दुर्गम जिल्लाहरुमा बैंकले सक्षमसंग मिलेर सामाजिक सुरक्षाको कोषको भुक्तानी बैंक मार्फत गर्नको लागि वित्तीय साक्षरता कार्यक्रम संचालन गर्ने छ ।

समारोहमा राष्ट्रिय पुनरनिर्माण प्रधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशिल ज्ञवालीले सरकारले दिएको पैसा बैंक मार्फत पारदर्शी तबरबाट जनताको हातमा पुगेको बताउँदै यस्तो सम्झौताले भुकम्प पिडित जनतालाई भवन निर्माण गर्न आवश्यक परेको रकम पुरा हुने बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सम्झौता पश्चात राज्यले लिएको नीति तथा कार्यक्रममा सहयोग पुग्ने गरी जनताको जीवनस्तरमा परिवर्तन आउने गरी राष्ट्रिय वाणिज्य बैंकले भुकम्प पिडित जनताहरुलाई सहुलियत रुपमा कर्जा लगानी गरिने बताउनुभयो । सक्षम एक्सिस टु फाइनान्सका टीम लिडर निर्मल दाहालले यो सम्झौताले भुकम्प पछिको पुनरनिर्माणमा महत्वपूर्ण सहयोग पुग्ने बताउनु भयो ।

उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरु कबिराज अधिकारी, केशबप्रसाद लम्साल, उपकार्यकरी अधिकृतहरु टेकराज जोशी, सरस्वती अधिकारी, देवेश लोहनी, देवेन्द्ररमण खनाल, विभागीय प्रमुखहरु, धालिङ्ग र गोरखा जिल्लामा रहेका शाखाका शाखा प्रबन्धकहरु, सक्षम एक्सिस टु फाइनान्सका अधिकृतहरु । कार्यक्रम ब्रान्च अपरेशन विभागका प्रमुख सरोज बस्नेतले संचालन गर्नुभएको थियो ।

**सुझाव तथा प्रतिक्रियाको लागिः** यस समाचारलाई उपयोगी हुने बैंकका गतिविधि, लेख, रचना, प्रतिक्रिया, सुझाव लगायतका सामग्री निम्न ठेगानामा प्रेषित गर्नुहुन अनुरोध छ । -सम्पादक
ई-मेलः rbbnl@rbb.com.np, फोनः ०१-४२५२५९५, Ext. २४२३

राष्ट्रिय वाणिज्य बैंकको ५५ औं (२०७६ माघ १० गते) वार्षिकोत्सव समारोह सफलतापूर्वक मनाउन बैंकका प्रमुख कार्यकारी अधिकृत श्री किरणकुमार श्रेष्ठको संयोजकत्वमा मुल समिति गठन गरिएको छ । मुल समिति तथा उप समितिहरुको नामावली यसप्रकार छः

## ५५ औं वार्षिकोत्सव मुल समारोह समिति

| क.स. | समितिको पद | नाम थर | पद | कार्यालय/विभाग |
|---|---|---|---|---|
| १ | संयोजक | श्री किरणकुमार श्रेष्ठ | प्रमूख कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| २ | सदस्य | श्री कविराज अधिकारी | ना.प्रमुख कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ३ | सदस्य | श्री केशव प्रसाद लम्साल | ना.प्रमुख कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ४ | सदस्य | श्री टेकराज जोशी | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ५ | सदस्य | श्री महेन्द्र प्रसाद अवस्थी | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ६ | सदस्य | श्री सरस्वती अधिकारी | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ७ | सदस्य | श्री देवेश प्रसाद लोहनी | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ८ | सदस्य | श्री देवेन्द्ररमण खनाल | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ९ | सदस्य | श्री पवन रेग्मी | विभागीय प्रमुख | ट्रेजरी |
| १० | सदस्य | श्री विमल डंगोल | विभागीय प्रमुख | वित्त |
| ११ | सदस्य | श्री विनयरमण पौडेल | विभागीय प्रमुख | स.तथा साना मझौला कर्जा विभाग |
| १२ | सदस्य | श्री दुर्गा कुमारी कडेंल | शाखा प्रबन्धक | मुख्य शाखा कार्यालय |
| १३ | सदस्य | श्री नारायण प्रसाद लामिछाने | विभागीय प्रमुख | सम्पति व्यवस्थापन |
| १४ | सदस्य | श्री कमलेश ठाकुर | विभागीय प्रमुख | मार्केटिङ्ग |
| १५ | सदस्य | श्री रिको स्थापित | विभागीय प्रमुख | सुचना प्रविधि/ई-बैंकिङ्ग |
| १६ | सदस्य | श्री निम्वल श्रेष्ठ | विभागीय प्रमुख | जोखिम व्यवस्थापन तथा कर्जा अ. |
| १७ | सदस्य | श्री संजय कुमार श्रेष्ठ | विभागीय प्रमुख | आन्तरीक लेखा परीक्षण |
| १८ | सदस्य | श्री कृष्ण साह | विभागीय प्रमुख | कम्प्लायन्स विभाग |
| १९ | सदस्य | श्री राजेश अग्रवाल | विभागीय प्रमुख | व्यवस्थापन सुचना प्रणाली तथा ब. |
| २० | सदस्य | श्री सोनी श्रेष्ठ | प्रादेशिक प्रबन्धक | ३ न. प्रादेशिक कार्यालय |
| २१ | सदस्य | श्री पद्मा लक्ष्मी जि.सी. | विभागीय प्रमुख | अन्तरशाखा हिसाब मिलान |
| २२ | सदस्य | श्री राज्यलक्ष्मी खड्गी | विभागीय प्रमुख | कृषि तथा सामाजिक बैंकिङ्ग |
| २३ | सदस्य | श्री गायत्री श्रेष्ठ | विभागीय प्रमुख | कर्जा असुली तथा पुनरसंरचना |
| २४ | सदस्य | श्री भिम प्रसाद घिमिरे | विभागीय प्रमुख | मानव संशाधन |
| २५ | सदस्य | श्री सन्दीपजङ्ग कार्की | विभागीय प्रमुख | पुर्वाधार तथा सह वित्तीयकरण |
| २६ | सदस्य-सचिव | श्री सरोज बस्नेत | विभागीय प्रमुख | ब्रान्च अपरेशन |
| २७ | सदस्य | श्री भवानीशंकर निरौला | विभागीय प्रमुख | कानुन |
| २८ | सदस्य | श्री भोला पौडेल | कम्पनी सचिव | संचालक समितिको कार्यालय |
| २९ | सदस्य | श्री दिपक न्यौपाने | विभागीय प्रमुख | तालिम तथा विकास |
| ३० | सदस्य | श्री ध्रुव अर्याल | विभागीय प्रमुख | सामान्य सेवा |
| ३१ | सदस्य | श्री अच्युत गौतम | शाखा प्रबन्धक | कर्पोरेट शाखा |
| ३२ | सदस्य | श्री हेमराज सुवेदी | अध्यक्ष | रा.बा.बैंक कर्मचारी सघ, नेपाल |
| ३३ | सदस्य | श्री गगन सिंह घिमिरे | अध्यक्ष | नेपाल वित्तिय संस्था कर्मचारी संघ |
| ३४ | सदस्य | श्री दिपेन्द्र कार्की | अध्यक्ष | नेपाल राष्ट्रिय कर्मचारी संगठन |

## अतिथि सत्कार उपसमिति:

| क.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | नायब प्रमुख कार्यकारी अधिकृत श्री कविराज अधिकारी |
| २ | सदस्य | नायब प्रमुख कार्यकारी अधिकृत श्री केशव प्रसाद लम्साल |
| ३ | सदस्य | उप कार्यकारी अधिकृत श्री टेकराज जोशी |
| ४ | सदस्य | उप कार्यकारी अधिकृत श्री महेन्द्रप्रसाद अवस्थी |
| ५ | सदस्य | उप कार्यकारी अधिकृत श्री देवेन्द्ररमण खनाल |
| ६ | सदस्य | कम्पनी सचिव श्री भोला नाथ पौडेल |

## प्रकाशन तथा प्रचार प्रसार उपसमिति:

| क.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | नायव प्रमुख कार्यकारी अधिकृत श्री केशवप्रसाद लम्साल |
| २ | सदस्य | उप कार्यकारी अधिकृत श्री सरस्वती अधिकारी |
| ३ | सदस्य | का.मु. मुख्य प्रबन्धक श्री कृष्ण साह |
| ४ | सदस्य | बरिष्ठ प्रबन्धक श्री भवानी शंकर निरौला |
| ५ | सदस्य | बरिष्ठ प्रबन्धक भोला नाथ पौडेल |
| ६ | सदस्य | बरिष्ठ प्रबन्धक श्री दिपकराज न्यौपाने |
| ७ | सदस्य | श्री ईश्वर उप्रेती |

## प्रभात फेरी कार्यक्रम र CLEAN RBB उपसमिति:

CLEAN RBB कार्यक्रम मिति: २०७६ माघ ३ गते शुक्रबार, दिउँसो ।
प्रभात फेरी कार्यक्रम मिति: २०७६ माघ ४ गते शनिवार, विहान ।

| क.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री टेकराज जोशी |
| २ | सदस्य | उप कार्यकारी अधिकृत श्री सरस्वती अधिकारी |
| ३ | सदस्य | उप कार्यकारी अधिकृत श्री देवेश प्रसाद लोहनी |
| ४ | सदस्य | मुख्य प्रबन्धक श्री रिको स्थापित |
| ५ | सदस्य | मुख्य प्रबन्धक श्री पवन रेग्मी |
| ६ | सदस्य | मुख्य प्रबन्धक श्री विनयरमण पौडेल |
| ७ | सदस्य | मुख्य प्रबन्धक श्री निम्वल श्रेष्ठ |
| ८ | सदस्य | मुख्य प्रबन्धक श्री नारायणप्रसाद लामिछाने |
| ९ | सदस्य | बरिष्ठ प्रबन्धक श्री राज्यलक्ष्मी खड्गी |
| १० | सदस्य | बरिष्ठ प्रबन्धक श्री सन्दिप जंग कार्की |
| ११ | सदस्य | बरिष्ठ प्रबन्धक श्री भवानी शंकर निरौला |
| १२ | सदस्य | बरिष्ठ प्रबन्धक श्री सरोज बस्नेत |
| १३ | सदस्य | अध्यक्ष,रा.बा.बैक कर्मचारी संघ श्री हेमराज सुवेदी |
| १४ | सदस्य | अध्यक्ष,ने.वि.स.क.संघ रा.बा.बैक लि. श्री गगन सिंह घिमिरे |
| १५ | सदस्य | अध्यक्ष, ने.रा.क.सं,रा.बा.बैक लि. श्री दिपेन्द्र कार्की |

## मञ्च व्यवस्थापन उपसमिति:

| क.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री महेन्द्रप्रसाद अवस्थी |
| २ | सदस्य | मुख्य प्रबन्धक श्री कमलेश ठाकुर |
| ३ | सदस्य | बरिष्ठ प्रबन्धक श्री राजेश अग्रवाल |
| ४ | सदस्य | बरिष्ठ प्रबन्धक श्री सन्दिप जंग कार्की |
| ५ | सदस्य | बरिष्ठ प्रबन्धक श्री ध्रुव अर्याल |

## रक्तदान उपसमिति:

कार्यक्रम मिति: २०७६ माघ ६ गते सोमवार, दिउँसो ।

| क.स. | पद | नाम, थर |
|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री सरस्वती अधिकारी |
| २ | सदस्य | मुख्य प्रबन्धक श्री विनयरमण पौडैल |
| ३ | सदस्य | का.मु. मुख्य प्रबन्धक श्री सञ्जय कुमार श्रेष्ठ |
| ४ | सदस्य | बरिष्ठ प्रबन्धक श्री राज्यलक्ष्मी खड्गी |
| ५ | सदस्य | बरिष्ठ प्रबन्धक श्री पद्मालक्ष्मी जि.सिं |
| ६ | सदस्य | बरिष्ठ प्रबन्धक श्री गायत्री श्रेष्ठ |
| ७ | सदस्य | बरिष्ठ प्रबन्धक श्री सन्दिप जंग कार्की |

## खेलकुद समिति:

| क.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री देवेन्द्ररमण खनाल |
| २ | सदस्य | मुख्य प्रबन्धक श्री विनयरमण पौडेल |
| ३ | सदस्य | बरिष्ठ प्रबन्धक श्री सोनी श्रेष्ठ |
| ४ | सदस्य | बरिष्ठ प्रबन्धक श्री भिमप्रसाद घिमिरे |
| ५ | सदस्य | श्री रामप्रसाद जोशी/ RBBEA |
| ६ | सदस्य | श्री बद्री प्रसाद तिमिल्सिना/ RBBEA |
| ७ | सदस्य | श्री लस्ता श्रेष्ठ/ FIEUN |
| ८ | सदस्य | श्री विरेन्द्र यादव/ FIEUN |
| ९ | सदस्य | श्री जितेन्द्र राई/ NEON |

# राष्ट्रिय वाणिज्य बैंकको सहयोगमा निर्मित नेपाल प्रहरी अस्पताल रक्त संचार केन्द्रको शुभारम्भ





**काठमाडौं, २ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको संस्थागत समाजिक उत्तरदायित्व अन्तर्गत नेपाल प्रहरी अस्पताल, काठमाडौंमा निर्मित रक्त संचार केन्द्रको नेपाल प्रहरीका प्रहरी महानिरिक्षक सर्वेन्द्र खनाल र बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले संयुक्त रुपमा समुद्घाटन गर्नुभएको छ। राष्ट्रिय वाणिज्य बैंकको रु. ४० लाख सहयोगमा रक्त संचार केन्द्र निर्माण भए बापतको चेक रकम बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले नेपाल प्रहरीका प्रहरी महानिरिक्षक सर्वेन्द्र खनाललाई एक समारोहका बिच हस्तान्तरण गर्नुभएको छ। सो समारोहमा प्रहरी महानिरिक्षक सर्वेन्द्र खनालले मानवता सम्बन्धि पुनित कार्यमा राष्ट्रिय वाणिज्य बैंकले सहयोग गरेकोमा कृतज्ञता व्यक्त गर्नुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले नेपाल प्रहरीलाई आधुनिक बैंकिङ्ग सेवा दिन बैंक संधै तत्पर रहेको र आवश्यक भएमा बैंकले नयां क्षेत्रमा सहयोग गर्ने बताउनुभयो ।

बि.स. २०४० सालबाट सुरु भएको नेपाल प्रहरी अस्पतालले प्रहरी कर्मचारीहरुलाई निशुल्क सेवा, पूर्व प्रहरी तथा तिनका आश्रित परिवारहरुलाई अति न्यून शुल्कमा सेवा उपलब्ध गराउदै आएको छ भने शुलभ मूल्यमा सर्वसाधारण नागरिकहरुलाई समेत २०७४ सालबाट सेवा दिईरहेको छ । कार्यक्रमा प्रहरी अतिरिक्त महानिरिक्षक एवं नेपाल प्रहरी अस्पतालकी मेडिकल डाइरेक्टर डा.दुर्गा थापाले स्वागत मन्तब्य व्यक्त गर्नुभएको थियो भने प्रहरी नायब महानिरिक्षक एवं नायब मेडिकल डाइरेक्टर डा.मिनराज पाठकले धन्यबाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, विभागीय प्रमुख सरोज बस्नेत, शाखा कार्यालय नक्सालका प्रबन्धक ईश्वरी न्यौपाने, त्रिभुवन विश्वविद्यालय रक्त संचार केन्द्रका नुमामाया गुरुङ्ग, प्रहरी अतिरिक्त महानिरिक्षक ठूले राई, उच्च प्रहरी अधिकृतहरु, प्रहरी कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो ।



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल दूरसंचार कम्पनी लिमिटेड बिच सम्झौता



**काठमाडौं, १२ मंसिर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल दूरसंचार कम्पनी लिमिटेड (नेपाल टेलिकम) बिच बैंकमा नयां खाता खोल्ने ग्राहकहरुलाई निशुल्क रुपमा जि.एस.एम.सिमकार्ड उपलब्ध गराउने सम्बन्धमा सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र दूरसंचार कम्पनीका प्रवन्ध निर्देशक डिल्लीराम अधिकारीले हस्ताक्षर गर्नुभएको छ । यस सम्झौता पश्चात हालसम्म सिमकार्ड नलिएका राष्ट्रिय वाणिज्य बैंकमा नयां खाता खोल्ने ग्राहकहरुलाई नेपाल टेलिकमबाट उपलब्ध हुने जि.एस.एम.सिमकार्ड निशुल्क रुपमा उपलब्ध गराउने छ।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले यो सहकार्यले प्रतिस्पर्धी रुपमा सेवा प्रदान गर्न थप उर्जा मिल्ने बताउनुभयो। उहांले आगामी दिनमा दुई ठूला सरकारी संस्थाहरुले अन्य क्षेत्रमा पनि सहकार्य गरेर जान सकिने बिचार व्यक्त गर्नुभयो । नेपाल दूरसंचार कम्पनीका प्रवन्ध निर्देशक डिल्लीराम अधिकारीले दुबै संस्थाको यो व्यवसायिक सहकार्यबाट समाजलाई फाईदा पुग्ने बताउनुभयो । उपकार्यकारी अधिकृत सरस्वती अधिकारीले स्वागत मन्तब्य तथा कम्पनी सचिव भोलानाथ पौडेलले कार्यक्रम संचालन गर्नुभएको थियो ।

समारोहमा राष्ट्रिय वाणिज्य बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरु कविराज अधिकारी, उपकार्यकारी अधिकृतहरु टेकराज जोशी, महेन्द्रप्रसाद अवस्थी, सरस्वती अधिकारी, देबेन्द्ररमण खनाल, विभागीय प्रमुखहरु, नेपाल दूरसंचार कम्पनी लिमिटेडका प्रमुख ब्यवसायिक अधिकृत गोकर्णप्रसाद सिटौला, प्रमुख वित्त अधिकृत प्रदिपराज उपाध्याय लगायतको उपस्थिती रहेको थियो ।

# राष्ट्रिय वाणिज्य बैंकमा ट्राफिक संचेतना सम्बन्धि कार्यक्रम सम्पन्न

**काठमाडौं, २९ मंसिर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड केन्द्रीय कार्यालय परिसरमा समुदाय-प्रहरी साझेदारी ट्राफिक संचेतना कार्यक्रम अन्तर्गत ट्राफिक संचेतना नेपाल प्रहरीका पूर्व ट्राफिक प्रहरी निरिक्षक एवं ट्राफिक भोलिन्टीयर सिताराम हाछेथुबाट प्रदान गरिएको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकले कर्मचारीको सुरक्षाको लागि विभिन्न कार्यक्रम मार्फत ध्यान दिईरहेको बताउनुभयो । प्रशिक्षक सिताराम हाछेथुले बैंकिङ्ग क्षेत्रमा पहिलो पटक राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीहरुलाई संचेतना कार्यक्रम संचालन गर्न पाउंदा खुसी लागेको बताउनुभयो । उहांले भिडियो देखाएर तथा बोलेर ट्राफिक नियमबारे प्रशिक्षण दिनुभएको थियो ।

बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत संचलन गरिएको संचेतना कार्यक्रम दैनिक अस्त व्यस्त बन्दै गईरहेको ट्राफिक व्यवस्थापनलाई व्यवस्थित बनाउनको लागि बैंकका केन्द्रीय कार्यालय परिसरमा कार्यरत कर्मचारीहरुलाई ट्राफिक नियम सम्बन्धि प्रशिक्षण दिईएको हो ।

उक्त समारोहमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, केशबप्रसाद लम्साल, उपकार्यकारी अधिकृतकहरु सरस्वती अधिकारी, देवेन्द्ररमण खनाल, विभागीय प्रमुख लगायत कर्मचारीहरुको उपस्थिती थियो। कार्यक्रम ब्रान्च अपरेशन विभागका उप प्रबन्धक जितेन्द्रसिंह थापाले संचालन गर्नुभएको थियो ।

## आरविवि मर्चेन्टको चौथो साधारण सभा सम्पन्न



**काठमाडौं, २७ मंसिर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको पूर्ण स्वामित्वमा संचालित सहायक कम्पनी आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडको चौथो वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष एवं राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको छ। साधारण सभाले आ.व. २०७५/०७६ को वार्षिक प्रतिवेदन सहित विविध प्रस्तावबहरु पारित गरेको छ।

साधारण सभामा अध्यक्ष किरण कुमार श्रेष्ठले हाल शहरी क्षेत्रमा मात्र सिमित रहेको मर्चेन्ट बैकिङ्ग सेवालाई मर्चेन्ट बैंकिङ्गको रुपमा विकास गर्ने दीर्घकालिन सोच अनुरुप आफ्नो कार्यक्षेत्र विस्तार गर्दै लैजाने र दुरदराजमा रहेका जनताहरुले पनि मर्चेन्ट बैंकिङ्ग सेवा लिन सकिने वातावरण बनाउने बताउनु भएको छ। मर्चेन्ट बैंकिङ्गका प्रमुख कार्यकारी अधिकृत बद्रीप्रसाद प्याकुरेलले हाल २० करोड चुक्तापूंजी रहेको मर्चेन्ट बैंकिङ्गले इस्यु मेनेजमेन्ट, आरटिएस, पोर्टफोलियो मेनेजमेन्ट, अन्डरराइटिङ्ग, डिपोजेटरी पार्टिसिपेन्ट लगायतको सेवा दिई रहेको बताउनुभयो।

साधारण सभामा आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडका संचालकहरु कबिराज अधिकारी, केशब प्रसाद लम्साल, सरस्वती अधिकारी, पवन रेग्मी, बैंकका उपकार्यकारी अधिकृतहरु टेकराज जोशी, महेन्द्रप्रसाल अवस्थी, देबेन्द्ररमण खनाल, सिए एकराज सिग्देल लगायतको उपस्थिति रहेको थियो। साधारण सभालाई कम्पनी सचिव खगेन्द्र उप्रेतीले सहजीकरण गर्नुभएको थियो।

## राष्ट्रिय युवा परिषद...

गर्ने सम्बन्धमा सम्झौता भएको छ। सम्झौता पत्रमा राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष माधब ढुङ्गेल र राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारी र कृषि विकास बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अनिल उपाध्यायले हस्ताक्षर गर्नुभएको थियो।

समारोहमा माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले बैंकले निक्षेपबाट सङ्कलन भएको रकमबाट केही प्रकिया पुरा गरी कर्जा दिने भएकाले कर्जाको सदुपयोगिता हुनुपर्ने र उद्यमीले कर्जा तिर्नुपर्ने बताउनुभयो। राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारी र कृषि विकास बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अनिल उपाध्यायले सहुलियतपूर्ण कर्जा प्राथमिकताका साथ लगानी गर्न बैंक प्रतिबद्ध रहेको बताउनुभयो। कार्यक्रममा राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष माधब ढुङ्गेल र एनएमबी बैंकका प्रमुख कार्यकारी अधिकृत बिच वित्तीय साक्षरता कार्यक्रम संचालन गर्ने सम्बन्धमा सम्झौता भएको थियो।

उक्त समारोहमा युवा तथा खेलकुद मन्त्रालयका सचिव रामप्रसाद थपलिया, राष्ट्रिय वाणिज्य बैंकका संचालक निर्मलहरि अधिकारी, एनएमबी बैंकका अध्यक्ष एवं उद्यमी पवन गोल्यान, बैंकका बरिष्ठ अधिकृतहरु, राष्ट्रिय युवा परिषद्का अधिकृतहरु लगायतको उपस्थिति रहेको थियो।

## उर्जा बचत कार्य गरे वापत रा.वा.बैंकद्वारा विभिन्न कम्पनीलाई अनुदान रकम हस्तान्तरण

**काठमाडौं, ३ पुस**

राष्ट्रिय वाणिज्य बैंकद्वारा जर्मन सरकारको सहयोगमा संचालित 'Energy Efficiency Program Nepal' को अनुदान सहयोग कार्यक्रम अर्न्तगत नेपाल सालिमार सिमेन्ट प्रा.लि.लाई एक करोड रुपैंया, नेपाल डेरीलाई १८ लाख ५ सय अठसठ्ठी रुपैंया पैसा पैंतीस, पन्चकन्या स्टिल प्रा.लि. लाई १३ लाख ९९ हजार एक सय दुई रुपैंया पैसा त्रिचालिस, प्रिमियर वायर्स प्रा.लि. लाई ५ लाख ५० हजार ८ सय रुपैंया पैसा पन्ध्र, बागमती आयल इन्डष्ट्रिजलाई एक लाख पैंसठ्ठी हजार ९ सय रुपैंया रकम मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी यन्त्र उपकरण जडान गरेको हुंदा स्विकृत अनुदान कार्यविधि अनुसार अनुदान सहयोग सम्झौता आदान प्रदान तथा अनुदान रकमको चेक एक समारोहका बिच हस्तान्तरण गरिएको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठलेले चेक हस्तान्तरण गर्दै अन्य उद्योगहरुलाई उर्जा बचत गर्ने कार्यमा लगानी गरी यस कार्यक्रममा सहभागी हुन आव्हान गर्नुभयो।




नेपाल सरकार र जर्मन सरकार बिच सन् २०१० मा नेपालको औद्योगिक तथा ब्यापारिक क्षेत्रमा मितव्ययी तथा प्रभावकारी उर्जा बचत गर्ने सम्झौता बमोजिम राष्ट्रिय वाणिज्य बैंकले 'Energy Efficiency Program Nepal' आयोजना कार्यन्वयनको लागि Project Executing Agency (PEA) को रुपमा सहायता सम्बन्धि कार्य गर्ने गरेको छ। यस आयोजना अन्तर्गत नेपालमा संचालित ठूला, साना तथा मझौला उद्योग र फर्महरुलाई मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी यन्त्र उपकरण जडान गर्दा जर्मन सहायताबाट प्राप्त हुने रकमबाट लागतको १५ देखि ३९ प्रतिशत सम्म अनुदान रकम राष्ट्रिय वाणिज्य बैंक मार्फत उपलब्ध गराइने छ। यस आयोजना अन्तर्गत कुनै एक ईकाइले मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी यन्त्र उपकरणमा लगानी गरेमा स्विकृत अनुदान कार्यविधि भित्र रही अधिकतम रु. १ करोड सम्मको सहायता रकमका लागि दरखास्त दिन पाइनेछ।

उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, उपकार्यकरी अधिकृतहरु टेकराज जोशी, महेन्द्रप्रसाद अवस्थी, सरस्वती अधिकारी, देबेन्द्ररमण खनाल, विभागीय प्रमुखहरु, केएफडब्लुका नेपाल प्रतिनीधि उर्जा विशेषज्ञ निरज सुवेदी, एडेल्फीका कन्सल्टैण्ट ज्ञानेन्द्र उपाध्याय, जिआइजि नेपालका प्राविधिक सल्लाहकार डा. नारायणप्रसाद चौलागाईं, बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रका सहायक निर्देशक राजु लौडारी, अनुदान रकम प्राप्त गर्ने कम्पनीका प्रतिनीधिहरु लगायतको उपस्थिति रहेको थियो। उपप्रबन्धक होमराज भट्टराईले कार्यक्रम संचालन गर्नुभएको थियो।

यसैबिच राष्ट्रिय वाणिज्य बैंकद्वारा जर्मन सरकारको सहयोगमा संचालित 'Energy Efficiency Program Nepal' को अनुदान सहयोग कार्यक्रम अर्न्तगत शिवम सिमेन्ट लिमिटेडलाई मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी यन्त्र उपकरण जडान गरेको हुंदा स्विकृत अनुदान कार्यविधि अनुसार एक करोड रुपैंयाको अनुदान सहयोग रकमको चेक कातिक २८ गते एक समारोहका बिच हस्तान्तरण गरिएको छ।

# राष्ट्रिय वाणिज्य बैंकद्धारा युवा लक्षित RBB Empowerment Academy कार्यक्रमको शुरुवात



**काठमाडौं, २० पुस**

इतिहास बोकेको देशकै सरकारी बैंकले विशेष गरी युवा वर्गहरुको लागि गर्नुपर्ने सामाजिक उत्तरदायीत्व अन्तर्गत एक समारोह बिच RBB Empowerment Academy को शुरुवात गरको छ। फाईनान्सियल ट्रेनिङ्ग सेन्टरको रुपमा अगाडि लैजाने उद्देश्यले शुरु गरिएको यस एकेडेमीबाट युवावर्ग लगायत सबैले लाभ लिन सक्नेछन्। यस एकेडेमीले २०७६ कार्तिक १ गते बाट नै निःशुल्क आवेदन दिन सक्ने गरी वित्तीय क्षेत्रमा रोजगारी पाउन तीन दिने टेक्निकल, बिहेबिरल र प्राक्टिकल बैंकिङ्ग विषयगत तयारी कक्षा संचालन गरिएको थियो। पहिलो चरणको ट्रेनिङ्ग, प्रदेश नं.३ अन्तर्गत स्नातक र स्नाकोत्तर डिग्री भएका कलेजका विधार्थीहरुलाई मात्र लक्षित गरी आवेदन आव्हान गरिएको छ। वित्तीय क्षेत्रमा आफ्नो करियर बनाउन चाहने युवा विदार्थीहरुले यसबाट भरपुर लाभ लिन सक्ने विश्वास गरिएको छ। वित्तीय क्षेत्रका अनुभवी बैंकरहरुद्धारा निःशुल्क रुपमा दिइने यस तालिम, बैंकको दरबारमार्ग काठमाडौं स्थित तालिम केन्द्रमा गत कार्तिक २२, २३ र २४ गते आयोजना भएको थियो। कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठज्युले ५५ वर्षको इतिहास बोकेको सरकारी बैंकको नाताले युवा वर्गहरुको वृतिविकासका लागी र समाजलाई केही योगदान दिने उद्देश्यले हाम्रो सामाजीक उत्तरदायीत्व निर्वाह गर्दै यो तालिम केन्द्रको शुरुवात गरीएको बताउनुभयो। उहाँले वित्तिय क्षेत्रमा आफ्नो करीयर बनाउन ठूलै शिक्षित जमातहरु लालायित भइरहेको परिप्रेक्षमा, रोजगार उन्मुख यस्ता किसिमका तालिमहरुले युवकहरुको वृति विकासमा धेरै सहयोग गर्ने कुरामा विश्वस्त भएको बताउनु भयो। सम्भवतः नेपालमै पहिलो पटक बैंकले निशुल्क रुपमा आयोजना गरेको युवा लक्षित यस्तो किसिमको रोजगारी उन्मुख तालिमहरु निकट भविश्यमै अन्य प्रदेशहरुमा पनि संचालन गरिनेछ। रोजगारी साझेदारको रुपमा Job Dynamics का प्रवन्ध निर्देशक राजीव शर्माले तालिमको बारेमा विस्तृत जानकारी दिनु भएको थियो।

विस्तृत जानकारीका लागी बैंकको अफिसियल वेबसाईट www.rbb.com.np मा लग इन गरी प्राप्त गर्न सकिने छ।

## रा.वा.बैंकद्धारा बृद्ध नागरिक सेवा समाजलाई सहयोग रकम हस्तान्तरण




**काठमाडौं, ९ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बृद्ध नागरिक सेवा समाज, चावहिललाई समाजमा रहेका बृद्धबृद्धाहरुलाई भजनकिर्तन गर्न वाद्यबादन सम्बन्धि सामाग्री लगायत कार्यालय उपकरणहरु खरिदको लागि २ लाख १६ हजार रुपैंया बराबरको चेक रकम हस्तान्तरण गरेको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले समाजका अध्यक्ष तारा प्रधानलाई एक कार्यक्रमका बिच चेक हस्तान्तरण गर्नुभएको हो।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले जेष्ठ नागरिकहरुको एकाङ्की जीवनबाट टाढा रहन भजनकिर्तनले सहयोग पुग्ने बताउनुभयो। सो कार्यक्रममा बरिष्ठ साहित्यकार डा.तारानाथ शर्मा, डा. गौरिशंकर लाल दाश, छत्र प्रधान, बैंकका विभागीय प्रमुख सरोज बस्नेत, बिष्णु बस्नेत, ईश्वर उप्रेती, वडा प्रतिनीधि लगायत जेष्ठ नागरिकहरुको उपस्थिति रहेको थियो।

## Comprehensive Banking प्रशिक्षण कार्यक्रम सम्पन्न



**काठमाडौं, १२ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा Comprehensive Banking साप्ताहिक सम्बन्धि प्रशिक्षण कार्यक्रम गत मंसिर ११ गते देखि पुस १२ गते सम्म विभिन्न प्रदेश अन्तर्गत बिराटनगर, काठमाडौंमा, नेपालगंज र पोखरामा सम्पन्न भएको छ। नयां जिम्मेवारी पाएका शाखा प्रबन्धक, सहायक शाखा प्रबन्धक र अधिकृत कर्मचारीहरुलाई लक्षित गरी संचालन गरिएको सो तालिम कार्यक्रममा करिब १५२ जना कर्मचारीहरुको सहभागिता रहेको थियो। प्रशिक्षकहरु देवेन्द्ररमण खनाल, देवेशप्रसाद लोहनी, विनयरमण पौडेल, रिको स्थापित, कृष्ण साह, सरोज बस्नेत, दामोदर ज्ञवाली, बालकुमार थापा, रुद्रनाथ पोखरेल, विष्णुप्रसाद कंडेल, गगनसिंह घिमिरे, हेमन्त जि.सी., विमलप्रसाद जोशी, इन्दिरा थापा कार्की, उज्जवल ढकाल, निभा झा, कोविद पन्थी, प्रमोद भुर्जी, मुरलीधर भट्ट र सम्बन्धित प्रदेशका प्रादेशिक प्रबन्धकहरुले बैंकिङ्ग क्षेत्रका विभिन्न विषयमा प्रशिक्षण दिनुभएको थियो। कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृत केशबप्रसाद लम्साल, उपकार्यकारी अधिकृत महेन्द्रप्रसाद अवस्थी, तालिम विभागका विभागीय प्रमुख दिपकराज न्यौपानेको उपस्थिति रहेको थियो।

(बरिष्ठ सहायक कृष्ण आचार्यको सहयोगमा तयार पारिएको)

मानव संशाधन

# मिति २०७६।०९।०९ गते भएका सरुवा तथा पदस्थापन विवरण

| क.सं. | नाम | क.न. | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद |
|---|---|---|---|---|---|
| १ | श्री रोहित कुमार सैंजु | ५६७० | दिक्तेल | दिक्तेल | शाखा सहायक प्रबन्धक |
| | श्री अमृत कुमार सैंजु | १०७४५ | दिक्तेल | दिक्तेल | शाखा सहायक प्रबन्धक |
| ३ | श्री कमला घले | १२६१७ | खाँदवारी | खाँदवारी | शाखा सहायक प्रबन्धक |
| ४ | श्री नैना मैया राई | ११९३१ | खाँदवारी | खाँदवारी | सहायक |
| ५ | श्री असिम श्रेष्ठ | १२९०५ | खाँदवारी | खाँदवारी | नगद सहायक |
| ६ | श्री निशा पुरकोटी | १२७४६ | जीतपुर | जीतपुर | शाखा सहायक प्रबन्धक |
| ७ | श्री हरि कुमार थापा | १०६३३ | बेल्टार | बेल्टार | शाखा सहायक प्रबन्धक |
| ८ | श्री निराजन भट्टराई | १२७११ | खोटाङ्गबजार | खोटाङ्गबजार | शाखा सहायक प्रबन्धक |
| ९ | श्री प्रिती कुमारी | १२५२८ | जलेश्वर | जलेश्वर | शाखा सहायक प्रबन्धक |
| १० | श्री मनिषा सिजापति | १२५३४ | पिडारीचोक | पिडारीचोक | शाखा सहायक प्रबन्धक |
| ११ | श्री सरस्वती घिमिरे | १२५१८ | मिर्चैया | मिर्चैया | शाखा सहायक प्रबन्धक |
| १२ | श्री सुनिल कुमार भण्डारी | १२५३६ | राजविराज | राजविराज | शाखा सहायक प्रबन्धक |
| १३ | श्री जिवन कुमार वाग्ले | १२०७५ | नक्साल | नक्साल | शाखा सहायक प्रबन्धक |
| १४ | श्री प्रकाश काफ्ले | १२६५० | साभ्रूढार | साभ्रूढार | शाखा सहायक प्रबन्धक |
| १५ | श्री गंगाधर भट्टराई | १२९६३ | साभ्रूढार | साभ्रूढार | नगद सहायक |
| १६ | श्री मंगल सिंह तामाङ्ग | १२०८८ | बानेश्वर | बानेश्वर | शाखा सहायक प्रबन्धक |
| १७ | श्री मनिषा कोइराला | १२०७६ | थापाथली | थापाथली | शाखा सहायक प्रबन्धक |
| १८ | श्री अनिश वाइवा | १२८४४ | कपिलाकोट | कपिलाकोट | शाखा सहायक प्रबन्धक |
| १९ | श्री ज्योति थापा | १२०७८ | टेकु | टेकु | शाखा सहायक प्रबन्धक |
| २० | श्री पुरुषोतम तण्डुकार | १२९२४ | मलेखु | मलेखु | नगद सहायक |
| २१ | श्री सुशिल खनाल | १२७३६ | रामपुर | रामपुर | शाखा सहायक प्रबन्धक |
| २२ | श्री रिम प्रकाश घर्ती | १२९७१ | रुकुमकोट | रुकुमकोट | शाखा सहायक प्रबन्धक |
| २३ | श्री भगवती पौडेल | १२४४७ | पृथ्वीचोक | पृथ्वीचोक | शाखा सहायक प्रबन्धक |
| २४ | श्री अमित गुभाजु | १२८२० | छार्कातामसोङ्ग | छार्कातामसोङ्ग | नगद सहायक |
| २५ | श्री बिनोद शर्मा | १२५९६ | छार्कातामसोङ्ग | छार्कातामसोङ्ग | नि.शाखा प्रबन्धक |
| २६ | श्री भिम सुनार | १२६१० | डोल्पोबुद्ध | डोल्पोबुद्ध | नि.शाखा प्रबन्धक |
| २७ | श्री बिजय चपाई | १२५७९ | मुगुमकार्मारोङ्ग | मुगुमकार्मारोङ्ग | शाखा सहायक प्रबन्धक |
| २८ | श्री आशिष ज्ञवाली | १२७१८ | मुगुमकार्मारोङ्ग | मुगुमकार्मारोङ्ग | नगद सहायक |
| २९ | श्री भोजराज गौतम | १२९६८ | जाजरकोट | जाजरकोट | शाखा सहायक प्रबन्धक |
| ३० | श्री पदम राज जोशी | १२२७९ | अतरिया | अतरिया | शाखा सहायक प्रबन्धक |
| ३१ | श्री प्रेम प्रसाद चौलागाई | १२६१५ | लम्की | लम्की | शाखा सहायक प्रबन्धक |
| ३२ | श्री सुनिता गुप्ता | १२८६१ | पानवारी | पानवारी | नगद सहायक |
| ३३ | श्री जस माया आङ्गदेम्बे | १२६३७ | फिक्कल | फिक्कल | नगद सहायक |
| ३४ | श्री सुनिल श्रेष्ठ | ११७१३ | फिक्कल | फिक्कल | सहायक |
| ३५ | श्री राकेश कुमार ठाकुर | १२४०१ | धनुषा, महेन्द्रनगर | धनुषा, महेन्द्रनगर | नगद सहायक |
| ३६ | श्री अच्युत न्यौपाने | ११६६७ | धनुषा, महेन्द्रनगर | धनुषा, महेन्द्रनगर | बरिष्ठ सहायक |
| ३७ | श्री चन्द्र बहादुर दाहाल | १०८३० | धुलिखेल | धुलिखेल | नगद सहायक |
| ३८ | श्री सृजना सुनार | १२८७८ | लमही | लमही | नगद सहायक |
| ३९ | श्री अवधेश कुमार मिश्र | ११९४५ | इनरुवा | इनरुवा | नगद सहायक |
| ४० | श्री इश्वर कुमार पोखरेल | ६९५३ | इनरुवा | इनरुवा | बरिष्ठ सहायक |
| ४१ | श्री रमा पराजुली | १२३६८ | शिवगञ्ज | शिवगञ्ज | नगद सहायक |
| ४२ | श्री सुजन न्यौपाने | ११९३२ | शिवगञ्ज | शिवगञ्ज | सहायक |
| ४३ | श्री सुरेन्द्र बुढाथोकी | १२९६२ | कठौना | कठौना | नगद सहायक |
| ४४ | श्री दरो राम | ११६३२ | कठौना | कठौना | बरिष्ठ सहायक |
| ४५ | श्री सुनिल कुमार मुस्याखो | १२५३३ | ओखलढुङ्गा | प्रस्तावित शा.का. ठोसे | शाखा प्रबन्धक |
| ४६ | श्री खगेन्द्र पौडेल | १२३७८ | तौलिहवा | प्रस्तावित शा.का. ठोसे | नगद सहायक |
| ४७ | श्री जनक ओड | १२८७५ | शिवरोजस्थल | प्रस्तावित शा. का. सत्ती | सहायक |
| ४८ | श्री गंगा शर्मा | १२९०२ | श्रीपुर बेलौरी | प्रस्तावित शा. का. सत्ती | नगद सहायक |
| ४९ | श्री कृष्ण साह | ११४७२ | कम्प्लायन्स विभाग | कम्प्लायन्स विभाग | मुख्य प्रबन्धक (लेखा) |
| ५० | श्री सन्जय कुमार श्रेष्ठ | ११४८२ | आ.ले.प.विभाग | आ.ले.प.विभाग | मुख्य प्रबन्धक (लेखा) |
| ५१ | श्री सरोज प्रसाई | ११५६० | कपिलाकोट | कपिलाकोट | सहायक प्रबन्धक |

युनियन गतिविधि

## रा.वा.बैंक कर्मचारी संघ नेपालको सम्मान तथा बिदाइ कार्यक्रम सम्पन्न



**काठमाडौं, १९ पुस**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको स्थापना, विकास, विस्तार तथा गरिमा बृद्धिमा उच्च योगदान गर्ने बैंकको सेवाबाट निवृत्त हुनुभएका कर्मचारी संघका ६७ जना पूर्व पदाधिकारीहरुलाई कर्मचारी संघले एक समारोहका बिच दोसल्ला तथा सम्मानपत्र सहित सम्मान तथा बिदाइ गरेको छ। पेशागत महासंघ नेपालका अध्यक्ष एवं नेकपाका केन्द्रीय सदस्य विश्वनाथ प्याकुरेलको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रमको अध्यक्षता राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष हेमराज सुवेदीले गर्नुभएको थियो । सो कार्यक्रममा विभिन्न विषयका विद्वानहरुको लेख समेटिएको संघको मुखपत्र लक्ष्ययात्रा २०७६ को विमोचन समेत गरिएको थियो । कार्यक्रममा पेशागत हक, हित तथा सस्थाको सम्बर्द्धनका बिषयमा ब्यापक रुपमा विषयहरु उठान गरिएको थियो । सो कार्यक्रममा संघका पूर्व अध्यक्ष तथा बैंक, बीमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ (BIFU) नेपालका राष्ट्रिय समितिका अध्यक्ष नारायण प्रसाद सुवेदी, पूर्व अध्यक्षहरु वेदबहादुर लावती, शिवकुमार अधिकारी, महेशराज खरेल, पूर्व उपाध्यक्ष रोहित रेग्मी, पूर्व सचिव सुमित्रा बि.सी.ले मन्तब्य ब्यक्त गर्नुभएको थियो । बरिष्ठ उपाध्यक्ष रामप्रसाद जोशीले स्वागत मन्तब्य ब्यक्त गर्नुभएको सो कार्यक्रममा महासचिव लक्ष्मीप्रसाद पाण्डेयले कार्यक्रम संचालन गर्नुभएको थियो। कार्यक्रममा संघका पदाधिकारी तथा सदस्यहरुको उपस्थिति रेहको थियो ।

## वित्तीय साक्षरता कार्यक्रम संचालन



**काठमाडौं, २७ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयहरु तथा प्रादेशिक कार्यालयहरुले चालु आ.व.को दोश्रो त्रैयमासमा उत्साहकासाथ वित्तीय साक्षरता कार्यक्रम संचालन गरिरहेका छन् । वित्तीय साक्षरता कार्यक्रम विद्यालय तथा क्याम्पसका विद्यार्थी, शिक्षक, कर्मचारी, सेना, प्रहरी, महिला समूह, कर्मचारीहरु, सहकारीमा आबद्ध कृषक समुहहरु, लगायतका वित्तीय साक्षरता आवश्यक भएका समुहहरुलाई बैंकका सम्पूर्ण शाखा कार्यालयहरु तथा प्रादेशिक कार्यालहरुले प्रत्येक त्रैयमासमा अनिवार्य रुपमा संचालन गर्नुपर्ने ब्रान्च अपरेशन विभागका विभागीय प्रमुख सरोज बस्नेतले बताउनुभयो ।

## AMF/CFT तालिम सम्पन्न



**काठमाडौं, २७ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा बैंक कर्मचारीहरुलाई लक्षित गरि पहिलो चरणमा गत पुस ५ गते १७३ वटा शाखा कार्यालयहरुमा एकै समयमा सम्पत्ति शुद्धीकरण निवारण, AML/CFT सम्बन्धी तालिम उत्साहका साथ सम्पन्न भएको छ। बैंकका सम्पूर्ण कर्मचारीहरुलाई दिइने यो तालिम गत पुस १८ गते केन्द्रीय कार्यालयका कर्मचारीहरुलाई समेत प्रदान गरिएको थियो। तालिम दोश्रो चरणमा बैंकका अन्य शाखाहरुमा समेत संचालन गरी सम्पूर्ण कर्मचारीहरुलाई तालिम दिइने योजना रहेको तालिम तथा विकास विभागका विभागीय प्रमुख दिपकराज न्यौपानेले बताउनुभयो ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

वर्ष २७ अंक २ कात्तिक - पुस २०७६ Year 27 Vol 2 Nov. 2019 -Jan. 2020

# राष्ट्रिय वाणिज्य बैंकद्धारा राष्ट्रिय महिला भलिबल टिमलाई बधाई तथा सम्मान



**काठमाडौं, २ मंसिर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडद्वारा नेपाली राष्ट्रिय महिला भलिबल टिमले पहिलोपटक अन्तर्राष्ट्रिय उपाधि जितेको हुंदा एक कार्यक्रमका बिच नेपाली राष्ट्रिय महिला भलिबल टिमलाई सम्मानपत्र, पुरस्कार प्रदान गरेर बधाई तथा सम्मान व्यक्त गरेको छ। सो बधाई कार्यक्रम राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका सदस्य निर्मलहरि अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। हालै बंगलादेशमा सम्पन्न भएको Asian Central Zone Senior Women Volleyball प्रतियोगितामा नेपाली राष्ट्रिय महिला भलिबल टिम प्रथम भएको थियो।

सो कार्यक्रममा बैंक संचालक समितिका सदस्य निर्मलहरि अधिकारीले बैंकले भलिबललाई विगत देखि गरेको सहयोगको परिणाम आएको र अन्तर्राष्ट्रिय रुपमा प्राप्त भएको उपलब्धिले देशको शिर उच्च भएको बताउनुभयो। नेपाल भलिबल संघका अध्यक्ष मनोरञ्जन शर्माले बैंकले गरेको सहयोगको गुन संघले सुनले तिर्ने बताउनुभयो। कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले नेपालको राष्ट्रिय खेल भलिबलको लोकप्रियतालाई देखेर बैंकले केही वर्ष अगाडि देखिनै सहयोग गरेको बताउदै यस्तो कार्यक्रमले खेलाडीहरुको मनोबल बढ्ने बताउनुभयो।

राष्ट्रिय वाणिज्य बैंक र नेपाल भलिबल संघ बिच RBB-NVA राष्ट्रिय क्लब लिग भलिबल प्रतियोगितालाई मुख्य प्रायोजन गर्ने सम्झौता ४ वर्ष देखि रहदैं आएको छ। कार्यक्रम ब्रान्च अपरेशन विभागका विभागीय प्रमुख सरोज बस्नेतले संचालन गर्नुभएको थियो।

सो कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका सदस्यहरु, नायब प्रमुख कार्यकारी अधिकृतहरु कबिराज अधिकारी, केशबप्रसाद लम्साल, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु, बैंक भित्र क्रियाशिल युनियनका अध्यक्षहरु, मुख्य प्रशिक्षक जगदीश भट्ट, विजयी टिमका खेलाडीहरु, नेपाल भलिबल संघका महासचिव जीतेन्द्र बहादुर चन्द लगायत पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

## ब्रान्च प्रोफाइल

### शाखा कार्यालय भैरहवा (३०८)

**(आ.व २०७४।०७५ मा 'ख' वर्ग मध्ये प्रथम भएको शाखा)**



| | |
|---|---|
| निक्षेप | : रु. १,५०,२६,८१,२००।३४ |
| कर्जा | : रु. १,०१,२१,१५,६०५।१३ |
| मुनाफा | : रु. ५,९९,३९,९९२।६२ |
| कर्जा निक्षेप अनुपात | : ६७.३५% |
| निष्कृय कर्जा प्रतिशत | : ० % |
| ग्राहक संख्या | : २६६३१ जना |
| कर्मचारी संख्या | : १३ जना |
| शाखा प्रबन्धक | : लेखनाथ अधिकारी |

**सफलताको मार्ग :**

शाखाको साख, कार्यरत उच्च मनोवलयुक्त प्रविधिमैत्री अनुभवी कर्मचारीहरुबिच सहकार्य, समन्वय एवम् सुमधुर सम्बन्ध, प्रदेश तथा केन्द्रीय कार्यालयबाट नियमित रुपमा अनुगमन एवम् मार्गदर्शन प्रदान।

## समवेदना

यस बैंकका शा.का. मैतिदेवीमा कार्यरत बरिष्ठ सहायक कमल के.सी. (१०१७६) को बुबा पदमबहादुर खड्का, शा.का. गुल्मीमा कार्यरत नगद सहायक कृष्णप्रसाद पाण्डे (११९१४) को बुबा चोपनारायण पाण्डे, शा.का. वीरगंजमा कार्यरत कार्यालय सहयोगी चन्द्रबहादुर खत्री (११३२०) की आमा दुर्गादेबी खत्री, शा.का. पथरीमा कार्यरत सहायक प्रबन्धक विनोदकुमार श्रेष्ठ (७३५५) को बुबा मोहनभगत श्रेष्ठ, शा.का. मन्थलीमा कार्यरत बरिष्ठ सहायक सुदर्शन पौडेल (११०२५) को बुबा रुद्रप्रसाद पौडेल, के.का. बित्त विभागमा कार्यरत सहायक प्रबन्धक उमा वस्नेत (१२०७५) की ससुरा ध्रुव थापा, शा.का. विदुरमा कार्यरत नगद सहायक ऋतुप्रभा श्रेष्ठ (११७३७) की सासु मधुकुमारी श्रेष्ठ, मु.शा.का.विशालबजारमा कार्यरत बरिष्ठ सहायक उपेन्द्रप्रसाद अधिकारी (९७३७) को बुबा कुलानन्द अधिकारी, शा.का. हसुलियामा कार्यरत बरिष्ठ सहायक शुशिला चन्द (१२६०४) की सासु इन्द्रादेबी सिंह, शा.का. वानेश्वरमा कार्यरत बरिष्ठ सहायक वरुणकुमार कडरिया (११५५९) को बुबा रोहिणीप्रसाद कडरिया, शा.का. खानीखोलामा कार्यरत सहायक कृष्णप्रसाद लम्साल (११७४०) को बुबा युवराज लम्सालको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Tek Raj Joshi, DEO & Information Officer.
Assistant Editor: Ishwar Upreti
Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423, E-mail: rbbnl@rbb.com.np
Printed at: Aadesh Chapakhana, Lokanthali, Bhaktapur, Tel: 9841068987